# अख्तियार दुरुपयोग अनुसन्धानआयोग

# पदाधिकारी एवं कर्मचारीहरुको

# आचार संहिता २०७०




अख्तियार दुरुपयोग अनुसन्धानआयोग

२०७०

# मन्तव्य

कानूनी राज्यको अवधारणा अनुरुप राज्य संयन्त्र र यसका अवयवहरुको सञ्चालन र व्यवस्थापनवाट नागरिकहरुमा सुशासनको अनुभूति हुनेगरी लोकतन्त्रको प्रवर्द्धन गर्नु राज्यको मुलभूत दायित्व हो । राज्य सञ्चालनका बहुपात्रहरुबाट सम्पादित जनसरोकारका बिषयहरुमा भएका तथा हुनसक्ने अख्तियारको दुरुपयोग, अनुचित कार्य र भ्रष्टाचार नियन्त्रणमा प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक प्रक्रियाबाट भ्रष्टाचारमुक्त समाजको निर्माण गर्न स्थापित संयन्त्रको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहेको छ । भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी राज्य प्रणालीको स्थापना र विकासको उद्देश्य परिपूर्तिका लागि आयोगमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरु अनुशासित, कर्तव्यनिष्ठ, उच्च नैतिकवान, शिष्ट, मर्यादित, पारदर्शी, जिम्मेवार र जवाफदेही हुनु अपरिहार्य छ । यो **आचारसंहिता**ले आयोगमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको व्यावसायिक दक्षता, सच्चरित्रता, पदीय मर्यादा र नैतिक दायित्व अभिवृद्धिका लागि मार्गदर्शक हुनेछ भन्ने विश्वासका साथ प्रस्तुत आचार संहिता आयोगका पदाधिकारी एवं कर्मचारीहरुले अनिवार्य रुपमा परिपालन गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु । **आचारसंहिता**को परिपालनावाट आयोगको संस्थागत क्षमता तथा काम कारवाहीको प्रभावकारीता अभिवृद्धि हुन गई पदाधिकारी एवं कर्मचारीहरुमा सदाचार, इमान्दारी र जिम्मेवारीको भावना विकास हुन गई नागरिकहरुमा आयोगप्रति विश्वास, भरोसा र मर्यादा अझ सुदढ हुने विश्वास लिएको छु ।

लोकमान सिंह कार्की
प्रमुख आयुक्त

# विषय सूची

**पेज नं.**


| | | |
|---|---|---|
| १. | प्रस्तावना | १ |
| २. | संक्षिप्त नाम, प्रारम्भ | १ |
| ३ | आचार संहिता लागू हुने पदाधिकारी एवं कर्मचारी | १ |
| ४. | परिभाषा | २ |
| ५. | स्वतन्त्रता, निष्पक्षता र समानता सम्बन्धी आचरणहरु | २ |
| ६. | सदाचार र अनुशासन सम्बन्धी आचरणहरु | २ |
| ७ | आयोगका पदाधिकारी एवं कर्मचारीहरुले गर्न नहुने आचरणहरु | ३ |
| ८. | आचार संहिताको अनुगमन | ५ |
| ९. | विविध | ५ |
| १०. | खारेजी र बचाउ | ६ |

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगका
# पदाधिकारी एवं कर्मचारीहरुको
# आचार संहिता २०७०

**प्रस्तावना :**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संवैधानिक एवं कानूनी कर्तव्य निर्वाह गर्ने सिलसिलामा सम्पादन गर्ने काम कारवाहीलाई प्रभावकारी, पारदर्शि तथा विश्वसनीय बनाई सुशासनको मूल्य र मान्यता प्रत्याभुत गर्ने;
- आयोगमा परेका उजुरीहरु छिटो छरितो, स्वच्छ, निष्पक्ष, पारदर्शि एवं वस्तुनिष्ठ रुपमा अनुसन्धान तहकिकात सम्पन्न गरी आम जनतामा सदाचारीता, निष्पक्षता कायम गर्दै भ्रष्टाचार विरुद्धको शुन्य सहनशिलताको विकास गरी सुशासनको अनुभूति दिलाउन जनउत्तरदायी सेवा प्रवाह गर्नआयोगमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको पेशागत आचरण कायम गर्न;

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी आयोगका पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता बनाई लागू गर्न बाञ्छनीय भएकोले यो आचार संहिता जारी गरिएको छ ।

१. **संक्षिप्त नाम, प्रारम्भः**

१.१ यो आचार संहिताको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७०" रहेको छ ।

१.२ यो आचार संहिता अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **आचार संहीता लागु हुने पदाधिकारी एवं कर्मचारीः-**

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत सम्पूर्ण पदाधिकारी र कर्मचारीहरु,

(ख) आयोगको तर्फबाट गरिने अनुसन्धान, तहकिकात, अभियोजन, मुद्दा दायर एवं पुर्पक्ष र तत्सम्बन्धी कार्यमा आयोगले खटाएका वा आयोगबाट अधिकार पाएका अन्य पदाधिकारी वा कर्मचारीहरु,

(ग) आयोगद्वारा करारमा नियुक्त व्यक्ति वा संस्था र आयोगमा कार्यरत विशेषज्ञ वा सल्लाहकार,

३. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

३.१ **"आयोग"** भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सम्झनु पर्छ ।

३.२ **"पदाधिकारी"** भन्नाले आयोगका प्रमुख आयुक्त र आयुक्तलाई सम्झनु पर्छ ।

३.३ **"कर्मचारी"** भन्नाले आयोगमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ र सो

शब्दलेआयोगकोकाममा खटिएका पदाधिकारी, विशेषज्ञ, सल्लाहकार वा आयोगको कामकाज हेर्ने अन्यनिकायका कर्मचारीलाई समेत जनाउनेछ ।

३.४ **"परिवार"** भन्नाले पदाधिकारी वा कर्मचारीका एकाघर संगोलमा बसेका पदाधिकारी वा कर्मचारीका बाबु, आमा, पति वा पत्नी, छोरा,छोरीलाई सम्झनु पर्दछ ।

३.५ **"अनुसन्धान अधिकृत"** भन्नाले अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकात गर्न आयोगले तोकिएको व्यक्ती सम्झनु पर्दछ ।

## ४. स्वतन्त्रता, निष्पक्षता र समानता सम्बन्धी आचरणहरु :

४.१ आयोगका पदाधिकारी एवं कर्मचारीले आयोगको संस्थागत एवं कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न प्रयत्नशील रहनु पर्दछ ।

४.२ आयोगका पदाधिकारी एवं कर्मचारीले पदीय कर्तव्य निर्वाह गर्दा वाह्य वा आन्तरिक क्षेत्रबाट प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कार्य सम्पादन गर्नु पर्दछ ।

४.३ आयोगका पदाधिकारी एवं कर्मचारीले आफ्नो पदीय कर्तव्य पुरा गर्दा स्वतन्त्रता पूर्वक कार्य सम्पादनगर्नु पर्दछ र आयोगका अन्य पदाधिकारी एवं कर्मचारीहरुलाई पनि स्वतन्त्रतापूर्वक कार्य गर्ने सहज वातावरण प्रदान गर्नु पर्दछ । कुनै कर्मचारीलाई कार्य सम्पादनको सिलसिलामा हस्तक्षेप गर्न वा अनुचित प्रभाव पार्न वा दबाब दिन हुँदैन ।

४.४ आयोगका पदाधिकारी एवं कर्मचारीले अनुसन्धानमा सरीक व्यक्तिलाइ मोलाहिजा, पक्षपात वा धर्म, बर्ण, लिगं, जात, जाती, भाषा वा वैचारीक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरी पदीय कर्तव्यको पालना गर्नु पर्दछ ।

४.५ आयोगका पदाधिकारी एवं कर्मचारीले सम्मानजनक र मानवोचितशिष्ट व्यवहार गर्नु पर्दछ ।

४.६ आयोगका पदाधिकारी एवं कर्मचारीलेआदेशको श्रृंखला (Chain of Command)को परिपालना गर्दै परस्परमा सम्मानजनक र शिष्ट व्यवहार गर्नु पर्दछ ।

## ५. सदाचार र अनुशासन सम्बन्धी आचरणहरु :

५.१ कानून बमोजिम सार्वजनिक संस्थालाइ आफू वा आफ्नो परिवारले तिर्नुपर्ने, फछ्र्यौट गर्नुपर्ने वा बुझाउनु पर्ने रकम, कर, दस्तुर, दण्ड जरिवाना वा महशुल बुझाउनु पर्दछ ।

५.२ तोकिएको समयमा कार्यालयमा आउने र तोकिएको समयावधिभर कार्यालयमा रही अनुशासित ढंगबाट इमान्दारीपूर्वक, निष्पक्षरही सक्रियताका साथआफ्नो कार्य सम्पादन गर्नु पर्दछ ।

५.३ पोशाक भत्ता प्राप्त गरेका कर्मचारीहरुले तोकिएको समायावधीमा तोकिए बमोजिमको पोशाक अनिवार्य रुपमा लगाउनु पर्दछ । अन्य कर्मचारीहरुले पनि मर्यादित पोशाक लगाुन पर्दछ ।

५.४ आयोगमा कार्यरत सम्पूर्ण पदाधिकारी एवं कर्मचारीहरुले आयोगबाट उपलब्ध गराईएको परिचय-पत्र कार्यालय अवधिभर सबैले देख्ने गरी अनिवार्य रुपमा लगाउनु पर्दछ ।

५.५ अनुसन्धान अधिकृतहरुलेसक्रिय, नम्र, बिवेकशील, निश्पक्ष एवं पारदर्शि भई तथ्यगत रुपमा अनुसन्धान गर्नुपर्दछ ।

५.६ आयोगको उद्देश्य, नीति, कार्यक्रम, मूल्य एवं मान्यता प्रति सदा समर्पित रहनु पर्दछ ।

५.७ कुनै सार्वजनिक संस्थामा अख्तियारको दुरुपयोग भएको छ वा हुन गइरहेको छ भन्ने जानकारी प्राप्त भएमा आयोगलाई त्यसको सूचना दिनु पर्नेछ ।

५.८ सेवा सम्बन्धी कानूनले तोकेका आचरण सम्बन्धी व्यवस्थाहरुको पालना गर्नु पर्दछ ।

५.९ आफ्नो पद अनुकुलको ज्ञान, शीप हासिल गर्न सधैं प्रयत्नशील रही जिम्मेदारी वहन गर्नु पर्दछ ।

५.१० आयोगका पदाधिकारी एवं कर्मचारीले आफ्नो नाता सम्बन्धका र आफ्नो हितयुक्त सम्बन्ध (Conflict of Interest) भएका मानिस संलग्न रहेको कुनै उजूरीको अनुसन्धान, तहकिकात वा निर्णय प्रकृयामा संलग्न हुनु हुँदैन । छानविन प्रक्रियाको प्रारम्भमा नै त्यस्तो उजुरीमा संलग्न व्यक्तिसँग आफ्नो कुनै नाता वा सम्बन्ध रहेको भए सो को लिखित जानकारी गराउनु पर्दछ ।

५.११ अनुसन्धान तहकिकात गर्दै जाँदा नाता वा सम्बन्ध भित्रको व्यक्ति देखिन आएमा तत्काल सो को सूचना आयोगलाई दिनु पर्दछ र सो उजुरीको कारवाही प्रक्रियाबाट अलग हुनु पर्दछ ।

**५.२ आयोगका पदाधिकारी एवं कर्मचारीहरुले गर्न नहुने आचरणहरु :**

५.२.१ आफ्नोपरिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरुलाई आफूले सम्पादन गर्ने अनुसन्धान सम्बन्धी कार्य वा निर्णयमा अनुचित प्रभाव पार्न दिनुहुदैन ।

५.२.२ आफ्नो वा आफ्नो परिवारका सदस्यको वा अरु कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको उपयोग गर्न वा गर्न दिनु हुदैन ।

५.२.३ प्रचलित कानूनले निषेध गरेकोकुनै कार्य गर्न, गराउन हुँदैन ।

५.२.४ आयोगको सहमती विना आयोगको तर्फबाट कुनै प्रकारको अनधिकृत प्रतिवद्धता वा प्रतिज्ञागर्न हुँदैन ।

५.२.५ आयोगका पदाधिकारी एवं कर्मचारीले कर्तब्य पालना गर्दा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट प्रकाश गर्नु हुँदैन ।

५.२.६ अनुसन्धानमा सरिक रहेको विषयमा संलग्न व्यक्ति वा संस्थाले आयोजना गरेको कार्यक्रम, भोज-भतेर वा समारोहमा सहभागी हुनुहुँदैन ।

५.२.७ अनुसन्धानको क्रममा रहेको व्यक्तिसंग उठवस खानपिन गर्न र कार्यालय समयमा कार्यालयमा वाहेक अन्यत्र भेटघाट गर्न हुदैन ।

५.२.८ सरकारी वा गैर सरकारी संस्थाले आयोजना गरेको तालिम, सेमिनार गोष्ठी, प्रवचन वा अध्यापनको क्रममा आफू समेत सहभागी भई तयार गरिएका प्रश्नपत्र र त्यस्को उत्तरका सम्बन्धमा अभिव्यक्ति दिन तथा आयोगमा विचाराधीन रहेको कामकारवाहीको उदाहरण दिनु हुँदैन ।

५.२.८ आफू आफन्त वा आफ्नो निकटका व्यक्तिहरुसँग सम्बन्धित कुनै काम गराउन वा नगराउन अन्य निकायका पदाधिकारीलाई दवाव दिन वा अनुचित प्रभाव पार्न वा पार्न लगाउन हुँदैन ।

५.२.९ आफू पहिले कार्यरत रहेको, सल्लाहकार रहेको वा लेखा परीक्षणगर्ने गरेको विषयसंग सम्बन्धित उजूरी वा विगतमा आफ्नो सुपरीवेक्षण वा नेकीवदी गर्ने व्यक्तिसँग सम्बन्धित अनुसन्धानमा आफू संलग्न हुनु हुँदैन र सो कुराको जानकारी यो आचार संहिता अनुगमन गर्ने पदाधिकारीलाई गराउनु पर्दछ ।

५.२.१० आयोगका पदाधिकारी एवं कर्मचारीले आफ्नो वा अरु कसैको व्यक्तिगत लाभ वा प्रतिशोधका लागि आयोगमा उजूरी दर्ता गर्न, गराउन वागर्न लगाउनु हुँदैन ।

५.२.११ आयोगका पदाधिकारी एवं कर्मचारीले अनुसन्धान गरिरहेका विषयहरुमा अनावश्यक रुपमा खोजिनीति गर्न वा चासो लिन हुँदैन ।

५.२.१२ भ्रष्टाचारको अनुसन्धानमा वा उजुरीकर्ताको हित संरक्षणमा बाधा पर्ने देखिएमा आयोगमा उजुरी गर्ने, सूचना दिने वा अनुसन्धानमा सघाउ पुऱ्याउने व्यक्तिको परिचय आरोपित व्यक्ति वा अरु कसैलाई जानकारी गराउनु हुँदैन ।

५.२.१३ आयोगका पदाधिकारी एवं कर्मचारीले आयोग समक्ष पर्न आएका वा पर्न आउने उजूरीको छानविन र कारवाहीमा असर पर्ने गरी वा आयोगको विश्वसनीयतामा आँच पुग्ने गरी कुनै प्रकारको टिका टिप्पणी गर्न, आलोचना गर्न वा सार्वजनिक अभिव्यक्ति दिनु हुँदैन ।

५.२.१४ आयोगका पदाधिकारी एवं कर्मचारीले अनुसन्धानको कार्य सम्पादनको सिलसिलामा कुनै कार्य गर्नका लागि वा कुनै कार्य गरे वा नगरे वापत कुनै व्यक्ति वा संस्थाबाट कुनै प्रकारको आतिथ्य स्वीकार गर्न, दान, दातव्य, उपहार,इच्छापत्र,ऋण सापटी वा आर्थिक वा भौतिक लाभ ग्रहण गर्नु वा स्वीकार गर्नु हुँदैन ।

५.२.१५ आयोगका पदाधिकारीले कर्मचारीबाट र माथिल्लो तहका कर्मचारीले आफू मातहतका कर्मचारीबाट कुनै किसिमको उपहार तथा कासेली ग्रहण गर्नु हुदैन ।

५.२.१६ आयोगका पदाधिकारी एवं कर्मचारीले आफ्नो ओहोदा एवं अख्तियारी आफू वा आफ्नो परिवार वा अरु कसैलाई अनुचित लाभ पुग्ने गरी प्रयोग गर्न हुँदैन ।

५.२.१७ आयोगका पदाधिकारी एवं कर्मचारीले आयोगको सम्पत्ति वा सुविधाको दुरुपयोग गर्नु हुँदैन ।

५.२.१८ आयोगका पदाधिकारी एवं कर्मचारीले कार्यालय समयलाई आफ्नो व्यक्तिगत कार्यमा प्रयोग गर्न हुँदैन ।

५.२.१९ आयोगका पदाधिकारी एवं कर्मचारीले प्रचलित कानून बमोजिम बाहेक अन्यत्रको रोजगारी स्वीकार गर्न हुँदैन ।

५.२.२० आयोगका पदाधिकारी एवं कर्मचारीले गैर सरकारी संघ/संस्थाको पदाधिकारी हुन वा त्यस्तो संस्थाको अनुचित वा गैरकानूनी कृयाकलापमा संलग्न हुन हुँदैन ।

तर,साहित्य, कला, संस्कृति, खेलकूद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी र पेशागत एव. सामाजिक संस्थाहरुमा सदस्य हुन र त्यस्ता मञ्चहरुमा सहभागी हुन बाधा पर्ने छैन ।

५.२.२१ आयोगका पदाधिकारी एवं कर्मचारीले कुनै राजनैतिक दल वा त्यस्तो दलसंग आवद्ध कुनै संघ/संस्थाको सदस्यता ग्रहण गर्न हुँदैन ।

## ६. आचार संहिताको अनुगमन :

यो आचार संहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिमका पदाधिकारीबाट गरिनेछ :-

६.१ आयुक्त वा राजपत्रांकित विशिष्ठ श्रेणीको अधिकारीको हकमा प्रमुख आयुक्त वा प्रमुख आयुक्तले तोकेको आयुक्तबाट,

६.२ अन्य कर्मचारीको हकमा आयोगका सचिव वा निजले तोकेको अधिकृतबाट ।

## ७. विविध

७.१ यो आचार संहिता पालना सम्बन्धी विषयमा द्विविधा उत्पन्न भएमा कर्मचारीहरुले आयोगका सचिव समक्ष र सचिव तथा पदाधिकारीहरुले प्रमुख आयुक्त समक्ष परामर्श गरी निकासा भए बमोजिम गर्नु पर्दछ ।

७.२ यस आचार संहिताको पालना गर्ने गराउने क्रममा कुनै विशेष परिस्थिति आइपरेमा वा कुनै बाधा अड्चन परेमा आयोगले तत्सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ ।

७.३ आयोगले आवश्यकता अनुसार यस आचार संहितामा परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

८. **खारेजी र बचाउ :**

८.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०६५ खारेज गरिएको छ ।

८.२ अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकरी एवं कर्मचारीहरुको आचार संहिता, २०६५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ ।

८.३ यो आचार संहितामा लेखिएका कुनै कुरा प्रचलित नेपाल कानून संग बाभिmएमा सो बाभिmएको हदसम्म प्रचलित नेपाल कानूनमा लेखिएको कुरा नै मान्य हुनेछ ।